## नेपाल पुनर्बीमा कम्पनी लि.को

२०७४ साल चैत्र ३० गते शुक्रबार सम्पन्न

## तेस्रो वार्षिक साधारण सभाको विवरण

नेपाल पुनर्बीमा कम्पनी लिमिटेडको ***तेस्रो वार्षिक साधारण सभा*** संचालक समितिका अध्यक्ष श्री महेश कुमार गुरागाईंज्यूको अध्यक्षतामा मिति २०७४ साल चैत्र ३० गते शुक्रबार तदनुसार २०१८ अप्रिल १३ तारिखका दिन होटल हिमालय, कुपण्डोल, ललितपुरमा अपरान्हको ४ बजे शुरु भई बेलुका ६ बजे समाप्त भयो । उक्त साधारण सभामा देहायको शेयरधनीहरुको उपस्थितीमा निम्न लिखित प्रस्तावहरु पेश भई छलफल गरी सभाबाट निम्न बमोजिमका निर्णयहरु पारित गरियो ।

### १. सभाको सूचना र प्रकाशनः

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम कम्पनीको **तेश्रो वार्षिक साधारण सभा** सम्बन्धी सूचना मिति २०७४/१२/०८ गते बिहीबार र मिति २०७४/१२/०९ गते शुक्रबारको क्रमश अन्नपुर्ण राष्ट्रिय दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, कम्पनीको **तेश्रो वार्षिक साधारण सभा** सम्बन्धी सूचना तथा अन्य विवरणहरु शेयरधनीहरुको व्यक्तिगत ठेगानामा समेत पत्राचार गरिएको थियो ।

### २. उपस्थिति :

**कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप संचालकहरुको उपस्थिति :**

| | |
|---|---|
| १. श्री महेश कुमार गुरागाईं, एफसिए | अध्यक्ष |
| २. श्री  मुकुन्दराज पन्थी | सदस्य |
| ३. श्री रमेश राना | सदस्य |
| ४. श्री दिप प्रकाश पाण्डे | सदस्य |
| ५. सदस्य, श्री निकुन्ज अग्रवाल | सदस्य |

**अन्य पदाधिकारीः**

| | |
|---|---|
| १. श्री सुबोध कर्ण, एफसिए, सुबोध एशोसिएटस्, चार्टर्ड एकाउन्टेण्टस् | लेखापरीक्षक |
| २. श्री चिरायु भण्डारी | प्रमुख कार्यकारी अधिकृत |
| ३. निर बहादुर पाखेन | कम्पनी सचिव |

### ३. सभा संचालन गर्न गणपूरक संख्या

अ) कूल शेयरधनीहरु मध्ये उपस्थित संख्याः १८

आ) बाँडफाँड भएको कूल शेयर संख्या मध्ये उपस्थित प्रतिशत : १००

उपरोक्त बमोजिम सभा संचालन गर्न कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम गणपूरक संख्या पुगेको जानकारी सभालाई गराईयो ।

## ४. सभामा छलफल हुने विषयहरु

### १. साधारण प्रस्तावतर्फ

क) संचालक समितिका तर्फबाट अध्यक्षज्यूद्धारा प्रस्तुत आ.व. २०७३/०७४ को **वार्षिक प्रतिवेदन छलफल गरि पारित** गर्ने ।

ख) आ.व. २०७३/०७४ को लेखापरीक्षण प्रतिवदेन र वासलात तथा नाफा नोक्सान हिसाब सहितको **आर्थिक प्रतिवेदन छलफल गरि पारित** गर्ने ।

ग) आ.व. २०७४/७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण उप-समितिको मिति २०७४/१२/०५ गतेको बैठकले सिफारिस गरे बमोजिम **लेखापरीक्षक नियुक्ती** गर्ने ।

(श्री सुबोध एशोसिएटस्, चार्टर्ड एकाउन्टेण्टस् कम्पनी ऐन, २०६३ तथा बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७३ बमोजिम लेखापरीक्षक पुनः नियुक्तीकोलागि योग्य हुनुहुन्छ ।)

घ) कम्पनीको नियमावलीको नियम २७(२)(घ) बमोजिमको **स्वतन्त्र संचालक** नियुक्ती गर्ने ।

### २. विशेष प्रस्तावतर्फ

क) कम्पनीको संचालक समितिको निर्णय बमोजिम गरिएको चन्दा तथा संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गतका खर्च रकमलाई अनुमोदन गर्ने ।

ख) संचालक समितिको पारिश्रमिक, भत्ता तथा सुविधा अनुमोदन गर्ने ।

ग) नेपाल सरकार, नियमनकारी निकाय, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य कुनै निकायबाट कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

घ) कम्पनीको प्रबन्धपत्रको दफा ६(४), नियमावलीको नियम २७(२)(ख)(ग), नियम २८ तथा सोसँग सम्बन्धित संलग्न संशोधन विवरण अनुसार प्रावधानलाई छलफल गरी संशोधन गर्ने ।

ङ) कम्पनीले विदेशमा लगानी गर्न तथा कार्यालय खोल्नको लागि छलफल गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

### ३. विविध

## ५. सभाको बैधानिकता र सभाको प्रारम्भ

कम्पनी ऐन, २०६३ को दफा ६९ को कानुनी व्यवस्था बमोजिम यस कम्पनीको तेस्रो वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम साधारण सभा सम्पन्न गर्न कम्पनी सचिवले गणपूरक संख्या पुगेको विषयमा सभा समक्ष जानकारी दिनु भए पश्चात सो साधारण सभा प्रारम्भ भयो ।

## ६. पारित निर्णयहरु :

**साधारण प्रस्तावतर्फ पारित निर्णयहरुः**

१. प्रस्ताव नं १ (क) को प्रस्ताव सम्बन्धमा कम्पनीको संचालक समितिको तर्फबाट अध्यक्षज्युले यस कम्पनीको मिति २०७३।०४।०१ देखि २०७४ आषाढ मसान्तसम्म कम्पनीले गरेको कार्य सम्बन्धी बार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गर्नु भयो । उक्त प्रस्ताव उपर छलफल गर्दा सो प्रतिवेदनलाई सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं १ (ख) को प्रस्ताव सम्बन्धमा आ.व. २०७३/०७४ को लेखापरीक्षण प्रतिवदेन र वासलात तथा नाफा नोक्सान हिसाब सहितको आर्थिक प्रतिवेदन छलफल गरी सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

३. प्रस्ताव नं १ (ग) को प्रस्ताव सम्बन्धमा आ.व. २०७४/७५ को लेखापरीक्षण गर्न लेखापरीक्षण उप-समितिको मिति २०७४/१२/०५ गतेको बैठकले सिफारिस गरे बमोजिम लेखापरीक्षक श्री सुबोध एशोसिएटस्, चार्टर्ड एकाउन्टेण्टस्लाई नियुक्त गर्ने निर्णयलाई सर्वसम्मतले पारित गरियो । साथै निजलाई पारिश्रमिक वापत रु ३,५०,०००/- (अक्षरेपी तीन लाख पचास हजार मात्र मु.अ.कर बाहेक) दिने सर्वसम्मतले निर्णय गरियो ।

४. प्रस्ताव नं १ (घ) को प्रस्ताव उपर छलफल गर्दा कम्पनीको नियमावलीको नियम २७(२)(घ) बमोजिमको स्वतन्त्र विज्ञ संचालकको नियुक्ती सञ्चालक समितिबाट गरी आगामी साधारण सभामा अनुमोदनको लागि पेश गर्ने सर्वसम्मतले निर्णय गरियो ।

**विशेष प्रस्ताव तर्फका पारित निर्णयहरुः**

१. विशेष प्रस्ताव नं २ (क) को प्रस्ताव उपर छलफल गर्दा कम्पनीको संचालक समितिको मिति २०७४/०५/०१ गते बिहिबारको निर्णय नं. ५ बमोजिम अत्याधिक वर्षाका कारण तराईको अधिकांश जिल्लामा गएको बाढीबाट भएको पिडितको उद्धार तथा पुर्नबासका निमित्त “प्रधानमन्त्री दैवी प्रकोप कोष” मा रु. १०,०१,१११/- (दश लाख एक हजार एक सय एघार रुपैयाँ मात्र) चन्दा तथा आर्थिक सहयोग प्रदान गर्ने निर्णयलाई सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

२. विशेष प्रस्ताव नं २ (ख) को प्रस्ताव उपर छलफल गर्दा संचालक समितिको ९३ औँ बैठकद्वारा पारित एवं १७९ औँ बैठकद्वारा संशोधित संचालकको पारिश्रमिक भत्ता तथा सुविधा सम्बन्धी निर्णयलाई सर्वसम्मतले अनुमोदन गरियो ।

३. विशेष प्रस्ताव नं २ (ग) को प्रस्ताव उपर छलफल गर्दा नेपाल सरकार, नियमनकारी निकाय, कम्पनी रजिष्ट्रारको कार्यालय वा अन्य कुनै निकायबाट कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा कुनै संसोधन वा फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार यस कम्पनीको प्रबन्धपत्र वा नियमावलीमा आवश्यक शंसोधन तथा फेरवदल गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णयलाई सर्वसम्मतले पारित गरियो ।

४. विशेष प्रस्ताव नं २ (घ) को प्रस्ताव उपर छलफल गर्दा कम्पनीको प्रबन्धपत्रको दफा ६(४), नियमावलीको नियम २७(२)(ख)(ग), नियम २८ तथा सोसँग सम्बन्धित प्रावधानलाई संशोधन गर्ने प्रस्ताव देहाय बमोजिमको थप वाक्यांस सहित सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

प्रबन्धपत्रको दफा ६(४), को निर्णयको लागि थप वाक्यांस:

**"साथै:**

१. नेपाल सरकार बाहेकका संस्थागत लगानीकर्ताको लगानीको हिस्सा अन्तर्गत थप लगानी आह्वान गर्दा लगानी हुन नसकेको हिस्सालाई नेपाल सरकारले अन्यथा तोके बाहेक स्वत: सर्वसाधारण अन्तर्गत समावेश गरी शेयर जारी गरिने निर्णय गरियो ।

२. संस्थागत लगानीकर्ताको परिवर्तित शेयर अनुपातमा नेपाल सरकारको शेयर हिस्सा कम गरी सर्वसाधारणमा शेयर जारी गर्न, प्रबन्धपत्रको दफा ६(८) अनुसार, नेपाल सरकारलाई अनुरोध गर्ने निर्णय गरियो ।

३. सर्वसाधारणको नाममा रहने साधारण शेयर सर्वसाधारणको लागि प्राथमिक निश्काशन (IPO) गर्ने र सोको लागी आवश्यक कार्य गर्न संचालक समितिलाई अख्तियारी प्रत्यायोजन गर्ने निर्णय गरियो ।"

४. विशेष प्रस्ताव नं २ (ङ) को प्रस्ताव उपर छलफल गर्दा कम्पनीले विदेशमा लगानी गर्न तथा कार्यालय खोल्नको लागि छलफल गरी संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्तावलाई सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**७. विविध :**

विविध विषय अन्तर्गत कुनै पनि विषय सभामा प्रस्तुत नभएकोले कुनै छलफल र निर्णय भएन ।

**८. धन्यवाद ज्ञापन एवं सभाको समापन :**

अध्यक्षज्यूले साधारण सभा सू-सम्पन्न गर्न उपस्थित सम्पूर्ण शेयरधनीहरु एवं कर्मचारीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । अन्त्यमा, साधारण सभामा छलफल गर्नुपर्ने अन्य कुनै विषय बाँकी नरहेको हुँदा बेलुका ६ बजे सभाका अध्यक्षज्यूले आफ्नो समापन मन्तव्य सहित सभाको समापन भएको घोषणा गर्नुभयो ।

**निर बहादुर पाखेन**
**कम्पनी सचिव**

**महेश कुमार गुरागाईं, एफसिए**
**अध्यक्ष**